Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

वेबसाईट, होस्टिङ, अनलाईन रेडियो, एस.एम. एस. तथा एस.एम. एस. भोटिङका साथै सफ्टवेयर एप्स चाहिएमा हामीलाई सम्झनुहोस ।
सम्पर्कः
Websoft IT Nepal Pvt. Ltd.
Biratnagar, Morang
www.websoftitnepal.com
9842278940

❑ वर्ष ८ ❑ अंक १२ २०७६ असोज २६ गते आइतवार Sunday 13, OCT, 2019 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## विकासको पहिलो सर्त शान्ति सुरक्षा

हिरालाल साह

विराटनगर । ६४ औं प्रहरी दिवसको अवसरमा १ नं. प्रदेश प्रहरी कार्यालय विराटनगरले अमर प्रहरीलाई श्रद्धाञ्जी दिदै विविध कार्यक्रमगरी शुक्रवार भव्यताका साथ सम्पन्न गरेको छ ।

प्रहरी दिवसको अवसरमा दिपावली, रक्तदान, सार्वजनिक स्थल सरसफाई, लगायतका कार्यक्रमहरु को आयोजना गरिएको थियो । प्रदेश प्रहरी तालिम केन्द्र रानीमा आयोजित विशेष कार्यक्रममा कार्यक्रमका प्रमुख अतिथि १ नम्बर प्रदेशका माननीय मुख्यमन्त्री शेरधन राई, आन्तरिक मामिला तथा कानून मन्त्री हिक्मत कार्की, प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक ठाकुर प्रसाद ज्ञवाली लगायतका उपस्थित महानुभावहरुले प्रदेश प्रहरी तालिम केन्द्रमा अवस्थित अमर प्रहरी स्मारकमा पुष्पहार तथा शोक सलामी संयुक्त रुपमा अर्पण गरेका थिए ।

सो कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै प्रदेश नं. १ को मुख्य मन्त्री शेरधन राईले भने विकासको पहिलो सर्त भनकै शान्ति सुरक्षा, दोस्रो सुशासन अनि मात्र विकास रहेको हुंदा सुरक्षाको सम्वन्ध प्रदेश सरकारको लागि अपरिहार्य रहेको वताए । त्यसको लागि १ नं. प्रदेशलाई अपराध मुक्त प्रदेश वनाउने प्रतिवद्धता जाहेर गर्दै अहोरात्र खटिने नेपाल प्रहरीका कर्मचारीहरुले उच्च मनोवलका साथ काम गरी जनताको विश्वास जित्न सफल हुनेमा आफू विश्वस्त रहेको बताउनु भयो । साथै देश र जनताको सेवा र सुरक्षार्थ आफ्नो कर्तव्य पालनाको सिलसिलामा वीरगती प्राप्त गर्ने वीर अमर प्रहरीहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नु भएको थियो ।

मुख्यमन्त्री राईले प्रदेश नं. १ का प्रहरी कार्यालयको लागि जग्गा दताहरुलाई कदर पत्रले सम्ममान गरेका थिए । त्यसैगरी जिल्लामा शान्ति सुरक्षा अमनचयन कायम राख्न नेपाल प्रहरी संग सहकार्य गरी विभिन्न प्रहरीको कार्यमा सहयोग पुर्‍याउने संघ संस्था, टेलिभिजन तथा व्यक्तिहरुलाई पनि सम्मान गरेको थियो । त्यस्तै समुदाय-प्रहरी साझेदारी कार्यक्रम कार्यान्वयनमा उत्कृष्ट कार्य गर्ने जिल्ला प्रहरी कार्यालय संखुवासभामा कार्यरत प्रहरी जवान बिमला चौहान, ट्राफिक व्यवस्थापनमा उत्कृष्ट कार्य गर्ने अस्थायी जिल्ला ट्राफिक प्रहरी कार्यालय भोजपुरमा कार्यरत प्रहरी सहायक निरीक्षक प्रेम कुमार साह, उत्कृष्ठ प्रशासनिक कार्य गर्ने जिल्ला प्रहरी कार्यालय ओखलढुंगामा कार्यरत प्रहरी सहायक निरीक्षक महेश थापा, उत्कृष्ठ अपराध अनुसन्धान तर्फ जिल्ला प्रहरी कार्यालय पाँचथरमा कार्यरत प्रहरी सहायक निरीक्षक दुर्गा खनाल र उत्कृष्ठ प्रशिक्षकमा प्रदेश प्रहरी तालिम केन्द्र रानी, विराटनगरमा कार्यरत प्रहरी निरीक्षक प्रकाश जबेगुलाई पुरस्कृत गर्नु भएको थियो ।

कार्यक्रमका विशिष्ट अतिथी १ नम्बर प्रदेशका माननीय आन्तरिक मामिला तथा कानून मन्त्री हिक्मत कार्कीले भने नेपाल प्रहरी जनताको विश्वासिलो सहयोगी र साथी बनि सकेको वताउनु हुंदै यसलाई अझ प्रभावकारी रुपमा अगाडी वढादै लैजानु पर्नेमा जोड दिनु भएको थियो साही अवसरमा कार्कीले एसईई परिक्षामा उत्कृष्ट अंक ल्याउने अमर प्रहरी कर्मचारीका सन्तती तनिसा सिठुङ्गे मगर, निश्चल आचार्य र संजिता कार्की, प्रहरी अधिकृतका सन्नततीहरुमा सुलभ खतिवडा जुनियर प्रहरी अधिकृतका सन्ततीहरुमा तनुसा बस्नेत, ईस्मिता दनुवार, रोशन कुमार राय, रोशन शर्मालाई सम्मान गरेका थिए ।

वांकी अन्तिम पेजमा...

## चिनियाँ राष्ट्रपति सी चिनफिङलाई भव्य स्वागत

विराटनगर । भारतको भ्रमण सकेर दुई दिनको लागि नेपाल भ्रमणमा शनिवार आएका चिनियाँ राष्ट्रपति सी चिनफिङलाई समकक्षी विद्या भण्डारी विमान स्थलमै पुगेर भव्य स्वागत गरेको छ ।

त्रिभुवन अन्तराष्ट्रिय विमान स्थलमा उत्रिएपछि चीन र नेपालको राष्ट्रिय गान धुन बजाउँदै नेपाली सेनाले सीलाई सलामी अर्पण गरेका थिए । त्यसपछि सीलाई सेनाको एक टोलीले गार्ड अफ अनर प्रदान गरेको थियो । अति विशिष्ट पाहुनालाई नेपाली सेनाको टोलीले गार्ड अफ अनर प्रदान गर्ने पुरानै परम्परा रही आएको छ ।


राष्ट्रपति सी चिनफिङ

भारतका चेन्नाईवाट राष्ट्रपति सी एयर चाइनको विशेष विमानवाट नेपाल आएका थिए । उनलाई समकक्षी विद्यादेवी भण्डारीले ढोकैमा पुगेर स्वागत गरेका थिए । सो स्वागतका लागि उपराष्ट्रपति नन्दबहादुर पुन, प्रधानमन्त्री केपी शर्मा ओली, राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमल्सिना, प्रदेश ३ का मुख्यमन्त्री डोरमणि पौडेल र केन्द्रीय सरकारका मन्त्रीहरु उपस्थित रहेको थियो ।

तेइस वर्ष पछि चीनको राष्ट्रपतिवाट नेपाल भ्रमण भएकाले सीको स्वागतमा तथा सम्मानमा कुनै कसर वांकी राखेका छैन । सीको स्वागतका लागि राष्ट्र पोशाकमा स्वागतको लागि कर्मचारीहरु र झांकी टोलीलाई खटाएको थियो ।

वांकी अन्तिम पेजमा...

## विष्फोटक पदार्थ सहित विप्लव सेक्रेटरी पक्राउ

विराटनगर । नेपाल सरकारको विपक्षमा नेपाल कम्यूनिष्ट पार्टी ( विप्लव समूह)ले देशभरी नै अपराधीक घटनाहरु घटाउदै आएको छ । सोही विप्लव समूहको मोरंग जिल्ला सेक्रेटरी सहित दुई जना विष्फोटक पदार्थ सहित पत्राउ परेको छ ।

नेपाल कम्यूनिष्ट पार्टी (विप्लव समूह) का यूवा संगठनका सदस्य विपिन भन्ने रामु मग्रातीको विष्फोटक मुद्दाको अनुसन्धानको क्रममा बुढीगंगा गाउंपालिका वडा नं. ३ का मोरंग जिल्ला सेक्रेटरी आभाष भन्ने कुमार खतिवडा इक्राही चौकवा पक्राउ परेको छ ।

अनुसन्धानको क्रममा जिल्ला मोरङ सुन्दरहरैचा नगरपालिका वडानं. ७ गोठगाउँका राजेन्द्र लिम्बुको घरको पुर्व दक्षिणतर्फको कोठा खानलासी गर्दा नेपाल कम्युनिष्टपार्टी बिप्लव समुहका कागजातहरु फेला परेको छ । फेला परेको कागजातहरुमा कुमार प्रसाद खतिवडाको नामको सक्कल नेपाली नागरिकता प्रमाण पत्र थान १, नेपाल कम्युनिष्ट पाटीको सहयोग रसिद २ ठेली, अच्छा लेखिएको कालो रङको सादा मोवायल थान १, एकरोम्याक्स कम्पनिको मोवायल थान १, कलर्स कम्पनिको मोवायल थान १, नेपाल कम्युनिष्ट पाटी केन्द्रिय समितिको आर्थिक सहयोगका लागि लेखिएको पत्र १ बन्डल, पार्टीको कमरेड आभाषले दस्तखत गरेको प्रेस विज्ञप्ती पाना ३, नोट डायरी ३ थान, सानो फोन डायरी ४ थान, विभिन्न व्यक्तिहरुको

वांकी अन्तिम पेजमा...

हार्दिक मंगलमय
शुभकामना
२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनी तथा सम्पूर्ण ग्राहक महानुभावहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
आदर्श वस्त्रालय एण्ड न्यू साडी संसार
परिवार मेनरोड जोगवनी
नोट : हामी कहाँ सटिङ्ग, सुटिङ्ग, कुर्ता-सुरुवा, साडी, लहेगा, वेडसीट, लेडिज एण्ड जेन्स अन्डरवेयर लगायतका समानहरु एक दाममा पाईन्छ ।

## पशु क्वारेन्टाईन क्षेत्रिय कार्यालय विराटनगरको अनुरोध

- कतै तपाईले पशु पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्री वाहय मुलुकवाट पैठारी गर्दै हुनुहुन्छ ?
- के तपाईले नाकामा रहेको पशु क्वारेन्टाईन चेक पोष्टमा त्यस्तो सामग्री परीक्षण गराई क्वारेन्टाईन प्रमाण पत्र लिनु भयो ?
- ध्यान दिनु होस पशु र पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्री वहय मुलुकवाट पैठारी गर्दा नाकामा रहेका पशु क्वारेन्टाईन चेक पोष्ठमा परिक्षण गराई क्वारेन्टाईन प्रमाण पत्र लिएर मात्र पैठारी गर्न सकिनेछ ।
- त्यसो नगरेमा त्यस्तो सामग्री फिर्ता पठाउन लिलाम गर्न, नष्ट गर्न सकिने तथा त्यस्तो कार्य गर्ने व्यक्तिलाई रु ५० हजार सम्म जरिवाना हुन सक्छ ।

खुल्यो ! खुल्यो !! खुल्यो !!!
सम्पूर्ण विशेषज्ञ सेवा सुविधाको साथमा वर्षै भरी डाईविटीज र प्रेसरको निःशुल्क जाँच गर्ने विराटनगरको घोघापुल चौक विराटनर-९ मा २०७६ साल असोज १ देखि जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि. संचालन ल्याएको सहर्ष जानकारी गराउँदछौं ।
विशेषज्ञ सेवाहरु :- फिजिसियन तथा कार्डियोलोजि सेवा, हार्ड जोड्नी तथा नशा र बाथ रोग, नवजात शिशु तथा बालरोग, प्रसुती तथा स्त्री रोग, नाक, कान तथा घाँटी रोग, दन्त तथा मुख रोग,छाला कुष्ठ तथा यौन रोग, फिजियोथेरापी, मानसिक तथा नशा रोग, किड्नी पत्थरी तथा मुत्र रोग, आइ.सी.यू , एन.आइ. सी.यू, पि आइ.सी.यू, भेनटिलेटर, एक्सरे, अल्ट्रासाउण्ड, सर्जरी, इन्डोस्कोपी, टि.एम.टी, इकोकार्डियोग्राफी, होल्टर, इ.सी.जी.,ई.ई.जि., समान्य स्वास्थ्य परिक्षण र मधुमेहको परामर्श सेवा उपलब्ध छ ।
जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि. सम्पर्क : ०२१-४४०४०६०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## विकासको...

त्यसै गरी निसिका भुजेल र रंजित कुमार साह तथा प्रहरी कार्यालय सहयोगी शिव कुमार राईको छोरा रुपेश राई र पन्चानन्द ठाकुरको छोरा रितिक कुमार ठाकुरलाई १०/१० हजार नगद राशी सहित पुरस्कृत गरेका थिए ।

त्यसैगरी प्रहरी दिवशको अवसरमा नेपाल प्रहरी स्कुल धरानले संचालन गरेको अन्तर बिद्यालय चित्रकला प्रतियोगिताका विजयी बिद्यार्थीहरुलाई समेतलाई प्रमाण पत्र तथा पुरस्कार वितरण गर्नु भएको थियो । उक्त प्रतिगितामा क्रमश डिपोट माध्यमिक विद्यालय धरानका मिङ्सो इवा लिम्बु प्रथम, पब्लिक माध्यमिक विद्यालय धरानका रुपक राई द्धितिय र सैनिक आवासीय महाविद्यालय धरानका अनिल चौधरीले तृतिय स्थान हासिल गर्न सफल भएका थिए । प्रहरी दिवसकै अवसरमा संचालन गरिएको पुरुष डबल ब्याडमिन्टन, टेबलटेनिस, पुरुष तर्फ ५ हजार मिटर दौड, महिला तर्फ ३ हजार मिटर दौड तथा रस्साकस्सी खेल तर्फका बिजयी खेलाडीहरुलाई समेत प्रमाण पत्र तथा पुरस्कार बितरण गर्नु भएको थियो ।

१ नम्बर प्रदेश प्रहरी श्रीमती संघकी अध्यक्ष श्रीमती ज्ञानु ज्ञवालीले अमर प्रहरी परिवार जनहरुलाई दोशल्ला ओढाएर सम्मान गर्नु भएको थियो । कार्यक्रममा प्रहरी नायव महानिरीक्षक ठाकुर प्रसाद ज्ञवालीले प्रमुख अतिथी लगायत उपस्थित सम्पूर्ण महानुभावहरुमा धन्यवाद ज्ञापन गर्नुहुादै आफ्नो जिम्मेवारी निर्वाह गर्ने क्रममा प्राण उत्सर्ग गर्ने बहादुर र कर्तव्यपरायण नेपाल प्रहरीका अमर तथा वीर सपूतहरुको सम्झना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नु भएको थियो । वाहाले कर्तव्य पालन जिम्मेवारी निर्वाहको शिलसिलामा घाइते भएका प्रहरी कर्मचारीहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै अग्रज तथा अमर प्रहरीको त्याग र बलिदानले दिएको जिम्मेवारीलाई पूरा गर्नु पर्ने दायित्व आजको दिनमा हाम्रो काँधमा रहेको बताउनु भयो । वहाले नेपाल प्रहरी संगठनलाई समयानुकुल श्रोत साधन तथा सिप र ज्ञानले सक्षम बनाउदै लगिएकोले यस्ता कार्यमा समाजका सबै बर्गबाट संगठनले सहयोगको अपेक्षा राखेको बताउदै पछिल्लो समयमा प्रहरीले गर्दै आएका काम कारबाहीहरुको बारेमा प्रष्ट पार्नु भएको थियो ।

सुरक्षाको वन्दोवस्ती मल्लकालमा शुरुवात भएको इतिहास पाईन्छ । पृथ्वी नरायण साहको पालादेखि गोश्वरा, अदालती प्रहरी, थाना, संस्थागत हुंदै वीर शमशेरको पालामा चौकीमा परिनत भएको हो । विक्रम सम्वत २००४ सालमा क्षेत्रगत चौकी स्थापना भएपछि २००७ सालमा प्रहरी सेवामा विधिवत प्रवेश भएको देखिन्छ । प्रहरी प्रधान कार्यालयको स्थापनसंगै २०१२ साल देखि विधिवत रुपमा प्रहरी दिवस मनाउदै आई रहेको छ ।

उक्त कार्यक्रमका अध्यक्षता गरेका १ नं. प्रदेश प्रहरी नायब महानिरक्षक ठाकुर प्रसाद ज्ञावलीले शुभकमना मन्तव्य दिदै प्रमुख अतिथी, विशिष्ठ अतिथी, स्थानीय जनप्रति निधी, मानव अधिकार कर्मी, कार्यालय प्रमुख, अन्य सुरक्षा निकायका प्रमुखहरु अमर प्रहरी जवान परिवार जनहरु उद्योगी व्यापारी पूर्व प्रहरी पत्रकारहरु, नागरिक समाजलाई धन्यवाद ज्ञापन गर्द कार्यक्रम समापन गरेका थिए ।

## चिनियाँ...

सीको स्वागतकै लागि दुई दिने भ्रमण सकेर फर्किने दिन आईतवार सरकारले देशभरी सार्वजानिक विदा दिएको छ । राष्ट्रपति सीलाई होटल सोल्टीमा राखेको छ । उच्च स्तरीय वार्ता र कही भौतिक निर्माण कार्यको सम्झौतामा हस्ताक्षर गरी स्वदेश फिर्किने कार्यक्रम रहेको छ ।

## प्रहरीलाई...

मोवायल नम्बर लेखिएको कपी १ थान, पार्टीको मेची, कोशी, व्युरोको २०७६ अषाढ २५ गतेको परिपत्र पाना ७, नेपाल कम्युनिष्ट पार्टीको छाप १ थान परामद भएको छ ।

त्यसैगरी युवा संगठन नेपाल केन्द्रीय समितिको सहयोग रसिद १ ठेली, ने.क.पा.को २०७६ अषाढ ९, १० र २५ गतेको प्रेस विज्ञप्ती १/१ पाना । युवा आवाजको विज्ञापन उपलब्ध गराउन लेखिएको पत्र पाना ७, नेपाल कम्युनिष्ट पार्टीको हासिया हथौडा अंकित रातो झण्डा २ थान, युवा संगठन नेपालको विशेष आर्थिक सहयोगका लागि लेखेको पत्र पाना ६,रातो खवर पत्रिका १ रोल, विभिन्न उद्योग, कम्पनी व्यवसायिक संगठनलाई आर्थिक सहयोगको लागि लेखेको पत्र थान ८ आभाष भन्ने कुमार खतिवडाले प्रयोग गरेको को.२० प ५८८८ नं. को यमाहा कम्पनिको व्र्हभच मोटरसाइकल थान १ बरामद गरेको छ ।

आभाष भन्ने कुमार खतिवडालाई प्रारम्भिक सोधपुछ गर्दा निजले जिल्ला मोरङ बुढीगंगा गाउपालिका वडानं. ७ (साविक डंग्राहा ९) धरहरा बस्ने बालकुमार डाँगीलाई बिष्फोटक पदार्थ र बिष्फोटक पदार्थमा प्रयोग हुने सामानहरु राख्न दिएको भन्ने जानकारी प्राप्त भएपछि कुमार खतिवडा समेतलाई साथमा लिई बुढीगंगा गाउपालिका वडानं. ७ ( साविक डंग्राहा ९) धरहरा बस्ने बालकुमार डागीको घरमा गई बिष्फोटक पदार्थ बारेमा सोध पुछ गर्दा बाल कुमार डागीले मलाई कुमार खतिवडाले दिएको बिष्फोटक पदार्थहरु दाजु रत्नकुमार डागीको केरा घारीमा माटो मुनी गाडी राखेकोछु भनि जानकारी गराएको थियो । साही आधारमा बालकुमार डागीको दाजु रत्नकुमार डागीको केराघारीमा कुहिएका काठको मुढाहरु पल्टाई हेर्दा सो मुनी माटोमा खनी पुरेर राखिएको निलो प्लाष्टिक, सेतो बोरा तथा रातो र सेतोप्लाष्टिकमा पोका पारी लुकाई राखेको बिष्फोटक पदार्थमा प्रयोग हुने रिमोट तार लगायतका निम्न बिष्फोटक पदार्थहरु फेला पारी बरामद गरी डागीलाई समेत पक्राउ गरेको छ ।

डाँगीको दाजु रत्न कुमार डागीको केराघारीबाट बरामद भएको सामानहरु निलो प्लाष्टिक र सेतो बोरा भित्र पहेलो र सेतो प्लाष्टिक भित्र प्याक गरी लुकाई राखेको बिष्फोटक पदार्थ बनाउन प्रयोग हुने खैरो रङको कागजमा बेरेको निओजेल ९० लेखिएको ( जिलेटिन) बिष्फोटक पदार्थ ४३ थान, एरियल सहितको सेतो रिमोट थान १, होनेष्ट लेखिएको तार जोडिएको बक्स १ थान रातो टेप र तारसहितको डेटकर्ड थान १, केप थान २ सिनो तार थान १, बालकुमार डाँगीले प्रयोग गरेको सेमसुङ्ग कम्पनीको मोवाईल थान १ बरामद गरी पक्राउ गरीएको तीनै जनाको अनुसन्धान भई रहेको प्रहरीले जनाएको छ ।

# दशै विदा सकिदा पनि कार्यालयहरु सुनशान

विराटनगर । स्थानीय तह र नेपाल सरकारको मातहतमा रहेका कार्यालयहरु विहीवार खुला देखिएता पनि ती कार्यालयहरु कर्मचारी विहीन र कति कार्यालयमा बन्द समेत देखिएको थियो ।

ती समस्या प्रदेश नं. १ मन्त्रालय देखि वडा कार्याल सम्म देखिएको थियो । विराटनगर महानगर पालिकामा सोदिन आएका सेवा ग्राही कर्मचारी नभेटिदा त्यसै फर्केका थिए । महानगर पालिकाको एक कर्मचारीले भने महान नगर पालिकामा ७५ जना कर्मचारी रहेकोमा आज १० जनाको पनि उपस्थिति पनि नभएको वताए ।

अधिकांश शाखाहरुको प्रमुखहरु अनुपस्थित रहेको थिया । एक जना अर्को कर्मचारीलाई यस सम्वन्धमा सोधदा भने दशैको वेला हो पुर्णिमा सम्म छुटि दिने चलन थियो अहिले एकदशी सम्म मात्र विदा दिएकोले टाढा गएको कर्मचारी फर्केर आउन नसकेको वताउदै अव आईतवार देखि मात्र कार्यालय सुचारु हुने वताए ।

त्यसै गरी समाजिक विकास मन्त्रालय लगायत मन्त्रालयहरुको उच्च तहका कर्मचारीहरुको उपस्थिति देखिएको थिएन । साना तहको कर्मचारीहरुले कार्यालय खोलेर जनतालाई देखाएको मात्र हो ।

देशमा लोकतान्त्रि शासन व्यवस्थामा कर्मचारीहरुले जनता प्रति उत्तरदाई नभएको र ती कर्मचारीहरुलाई जनताका प्रतिनिधी हरु मुख्य मन्त्री, मन्त्री, मेयर, अध्यक्ष र वडा अध्यक्ष समेतले कर्मचरहरुलाई कारवाही गर्न नसक्नु लोकतन्त्रकै उपहास भएको ठहर छ ।

यसलाई भन्छ नेपालको शासन व्यवस्था परिवर्तन त भयो तर जनताको प्रतिनिधी र कर्मचारीहरुको मानसिकतामा कुनै पनि परिवर्तन देखिदैन । नेपालको पुरानै ढरा घटस्थापना देखि पूर्णिमा सम्म दशै विदा दिने चलनले अहिले पनि त्यसैको झलको दिई रहेको छ । लोकन्त्रीक सरकारले त विदा कट्टा गरियो तर त्यो कार्यन्वयमा आएको अवस्था देखिदैन । विदा भनेको सुविधा हो अधिकार होईन यस कुरालाई कर्मचारीहरु बुझि दिएको भए आम नेपाली जनताले कार्यालयवाट फर्केर जानु पर्दैन थियो ।

हार्दिक मंगलमय
शुभकामना
२०७६ सालको विजिया दशमी, शुभदिपावली, छठपर्व तथा नेपाल सवंतको सुखद अवसरमा समस्त ग्राहक वर्गमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
शुभम् बोहरा
भूमि कन्ट्रक्सन परिवार विराटनगर




खुल्यो ! खुल्यो !! खुल्यो !!!
सम्पूर्ण विशेषज्ञ सेवा सुविधाको साथमा मलाया रोड विराटनगरमा यही मिति २०७६ साल बैखाख २८ गते देखि **दिव्य ज्योती अस्पताल प्रा.लि.** संचालन ल्याएको सहर्ष जानकारी गराउदछौं ।
**हाम्रो सेवाहरु**
२४ सैं घण्टा ईमरजेन्सी सेवा, दैनिक ओ.पी.डी. सेवा, फिजिसियन सेवा, स्त्री रोग तथा प्रसुति सम्वन्धी ओपीडी सेवा, नव जात शिशु तथा बाल रोग सम्वन्धी सेवा, आँखा जाँच तथा अप्रेसन सेवा, हाडजोर्नी तथा नशा रोग सेवा, मेगौला प्रोस्टेट, मुत्रनली, मुत्रथैली र मुत्ररोग सम्वन्धी विशेषज्ञ सेवा, नाक कान घाँटी सेवा, दाँत मुख सम्वन्धी सेवा, ई.सी.जी. सेवा, डिजिटल एक्स-रे अल्ट्रासाउन्ड (USG), कम्प्यूटर स्वचालित ल्याव, फार्मेसी ।
सम्पर्क
मलाया रोड, विराटनगर, मोरङ्ग फोन नं. ०२१-४७००५०/४७००८५




परिवर्तनको लागि
क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## सम्पादकीय

# नेपालीको दशैं सिमापारीको व्यपार

नेपालीहरुको महान चाडपर्व वडा दशै पर्व प्रदेश नं. १ को राजधानी विराटनगरसंग जोडिएको जोगवनी वजारको व्यापारीहरुको कमाईको साधन वनेको छ । पर्वको वेला किनमेल गर्ने नेपाली ग्राहको वाक्लो भिड जोगवनीमा देखिन्छ भने विराटनगरको मुख्य वजारकै व्यपारीहरु टाउंकोमा हात हालेर बसेका देखिन्छन् । चाडपर्वको वेला नेपाली उपभोक्त सिमापारीको बजारमा आकर्षित भएका देखिन्छ । उपभोग बस्तुका मुल्य अन्तरले ग्राहक भारतीय वजार तिर किनमेल गर्न जान्छन् । विराटनग बजारमा पाईने लत्ता कपडा, खाद्यन सरसमानहरु महंगोमा पाईन्छ भने त्यही समाज सिमापारीमा खरीदा गर्दा सस्तो मुल्यमा पाईन्छ । चाडपर्वको वेला दिनहुं हजारौ नेपालीहरुले आफ्ना देशको नेपाली रुपिया भारतीय वजारमा खर्च गर्ने गरेका छन् । जसले गर्दा स्वदेशी मुद्राले भारतीयलाई दोहरो फाईदा हुने गरेको छ । नेपाली मुद्रा विदेशीएर देशको अर्थतन्त्रमा समेत असर पर्न सक्छ भने भारतवाट आयात भएको बस्तुहरु विना राजश्वको नेपाल भित्रिनेले गर्दा नेपाल सरकारलाई दिनहूं लाखौको राजश्व घाटा लाग्ने प्रष्ट देखिन्छ । यस्तो अवस्थालाई रोक्न नेपाल सरकारले सवभन्दा सिमा क्षेत्रको वजारमा पाईने बस्तुहरुका मूल्यमा एकरुपता कायम गर्न जरुरी हुन्छ ।

यदि भारत र नेपालको सिमा क्षेत्रमा पाईने माल समानहरु समान मूल्यमा पाउन थाले पछि मात्र नेपालीहरु भारतीइ वजार जान छोड्दछ । जसले गर्दा स्वदेशमा उत्पादीत वस्तूहरुको स्वदेशमै विक्रीवितर बढ्द छन् । यसले गर्दा स्वदेशका यूवाहरुले आफ्नो क्षमता र श्रम लगाएर उत्पादन गरिएको बस्तुको बजार पाएमा यूवाहरु विदेशिनुको सट्टा स्वदेशमै तरकारी खेती, अन्न उत्पादन, पशुपाल, फलफूल खेत ीगर्न तिर अग्रसर हुन्छ । समानको मूल्य नेपाली बजार भन्दा भारतीय सीमा क्षेत्रका बजारमा लत्ता कपडा देखि खाद्यानका समानहरु सस्तोमा पाउने गरैकै कारण नेपाली उपभोक्त भारतीय बजार जान बाध्य भएका छन् । यी यथावत कुराले नेपाल सरकारलाई दोहरो घाटा लागि रहेको हुन्छ । एक त नेपाली मुद्रा सिधै भारतय वजारमा पुग्द छ भने भारतवाट आयात भएर आउने समानहरुको प्रायउ पभोक्ताले राजश्व छली गरी ल्याउने गरेको छ । जसले गर्दा सरकारलाई वार्षिक अर्बौ रुपियाका नोक्शान भई रहको सर्वविदितै छ ।

अन्यथा नेपालमा उत्पाद गरेका बस्तुहरु त्यसै खेर गई व्यपारीहरु नेपालवाट पलायन हुने छ भने भारती सीमा क्षेत्रका व्यपारीहरु नेपाली ग्राहककै कारण दिन दुना रात चौगुना धनी हुदै जाने निश्चितछ । त्यसैले यस तर्फ नेपाल सरकार लगायत सम्वन्धीत पक्षहरु वेलामै ध्यान पुर्याएर कसरी नेपाल र भारतीय बजारको बस्तुहरुमा मुल्य समायोजन हुन्छ । सिमावार पार मूल्य समान भएमा उपभोक्तहरु ओहोर दोहोर गर्दैन सिमामा भई रहेको चोरी निकाशी समेत निरुत्साहित भई नेपाली बजारको प्रवर्द्धन विकास भई देशको आर्थ तन्त्रमा केही सुधार आउन सक्छ ।

# साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिर ो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ । भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ । भने वाद विवादमा विजय मिल्ने योग रहेको छ । पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# राजापा र समाजवादी मिल्नुको विकल्प छैन्

प्रदीप यादव

समाजवादी पार्टीलाई सरकारबाट बाहिरिनुपर्ने विषयमा कार्यकर्ताहरूको दबाबभन्दा पनि नेतृत्वपंक्ति नै बढी गम्भीर छन् । सरकारबाट बाहिरिने वा बस्ने विषयमा नेताहरूबीच छलफल चलिरहेको छ । यस विषयमा नेतृत्वपंक्तिले चाँडै नै औपचारिक निर्णय गर्नेछन् । एउटा निष्कर्षमा पुग्ने विषयमा निर्णय गर्न ढिलाई गर्नु पार्टी, देश र जनताको हितमा हुँदैन । त्यसैले, यो विषयमा हाम्रा नेताहरू गम्भीर छन् । जुन उद्देश्यका लागि पार्टी सरकारमा गएको हो, त्यो उद्देश्य पूरा हुँदैन भने सरकारमा बसिरहनुको औचित्य छैन भन्ने मनोस्थितिमा हाम्रा नेताहरू पुगिसकेका छन् । सरकारका प्रमुखलाई भेटेर नेतृत्वले चाँडै नै अल्टिमेटम दिनेछन् ।

एता, नयाँ शक्ति र तातकालीन संघीय समाजवादी फोरमबीच एकता भइसकेपछि त्यसको समायोजन प्रक्रियामा पार्टी गयो । हाम्रो पहिलो प्राथमिकता समायोजन प्रक्रिया पूरा गर्ने नै थियो । समाजवादीको समायोजन प्रक्रिया पाँचवटा प्रदेशमा सम्पन्न भइसकेको छ र अब दुईवटा प्रदेशमा मात्र बाँकी छ । बाँकी ठाउँमा पनि समायोजन प्रक्रिया अन्तिम चरणमा पुगेको छ । समायोजन प्रक्रिया सम्पन्न भइसकेपछि सरकारमा रहने वा नरहने विषयमा पार्टीले औपचारिक निर्णय लिनेछ ।

संविधान संशोधन गर्छु भनेर यो सरकारले वाचा पनि गरेको थियो । त्यो वाचा पूरा गर्ने वा नगर्ने विषयमा सरकारलाई अन्तिम पटक हाम्रो पार्टीले सोध्नेछ । त्यसपछि समाजवादीले आफ्नो औपचारिक निर्णय गर्नेछ । पहिला त प्रधानमन्त्री केपी शर्मा ओलीले संविधान संशोधन 'स' पनि सुन्न चाहनुहुन्थेन । तर, संशोधन गर्छु भनेर हामीसँग लिखितरूपमै सहमति गर्नुभएको छ । उहाँले बारम्बार भन्नुहुन्छ कि यो संविधान कुनै धार्मिक ग्रन्थ होइन, संशोधन हुन्छ । तर, प्रधानमन्त्रीको कथनी र करणीमा फरक छ । त्यसैले हामी सशंकित छौं कि उहाँले संशोधन गर्नुहुन्न ।

हामीलाई सरकारमा जान हतारो थिएन । संशोधनका लागि यो सरकारलाई बाहिरभन्दा पनि भित्र बसेर बढी दबाब दिन सकिन्थ्यो । हामी सरकारभित्र बसेर दबाब दिँदा पनि यो सरकारले सुनिरहेको अवस्था छैन । त्यसैले अब समाजवादीले एउटा निष्कर्षमा पुग्नैपर्छ । अब धैर्यताको बाँध टुट्दैछ ।

समयसीमासहितको अल्टिमेटम दिनुपर्छ भन्ने हामीले नेतृत्वपंक्तिलाई भनिरहेका छौं । नेतृत्वपंक्तिले पनि यहीअनुसार निर्णय गर्नेछ । अहिलेको संसदमा बहुमत नेपाल कम्युनिष्ट पार्टीसँग नै रहेकोले उसले चाह्यो भने हाम्रो माग पूरा हुनसक्छ । हामीले संशोधनका लागि दबाब दिन कुनै कसर बाँकी राखेका छैनौं । हामीले प्रधानमन्त्रीबाट आश्वासन मात्रै पाइरहेका छौं । तर, अब धेरै दिनसम्म आश्वासनको भरमा चल्दैन ।

हामी सरकारमा हुनु वा नहुनुले कुनै असर गर्दैन । किनकि यो सरकारसँग पूर्ण बहुमत छ । तर, जुन जनताले हामीलाई मत दिएर संसदमा पठायो, जुन जनतालाई हामीले संशोधन गराउने वाचा गरेका छौं । त्यो वाचा यदि हामीले पूरा गराउन सक्दैनौं भने सरकारमा बसिरहनुको कुनै औचित्य छैन । बरू हामीले यो सरकारबाट बाहिरिएर जनताको बीचमा गएर संघर्ष त गर्छौं । अहिले हामी सरकारमा भएर पनि सदनमा आवाज उठाएकै हौं । सरकारबाट बाहिर आएपछि सडकमा संघर्ष गर्ने बाटो खुल्छ ।

समाजवादी र राजपाबीच एकीकरणका लागि दुवै पार्टीका नेतृत्वपंक्ति अनौपचारिकरूपमा पटक-पटक छलफल गरिरहेका छन् । दुवै पार्टीका नेतृत्वपंक्तिले मिल्नैपर्छ भन्ने निष्कर्षमा पुगेका पनि छन् । अब राजपा र समाजवादी मिल्नुबाहेक कुनै विकल्प छैन । दुवै पार्टी मिल्यो भने यो देशका आदिवासी, जनजाति, मधेशी, मुस्लिम, दलितलगायत सम्पूर्ण पिछडावर्गमा खुशी माहौल आउँछ । यो देशको परिवर्तनका निम्ति दुवै पार्टी मिल्नुको विकल्प छैन । दुवै पार्टीका नेतृत्वपंक्ति मिल्नैपर्छ भन्ने निष्कर्षमा पुगेका छन् । एकताका केही बाधा र अड्चनहरू छन्, त्यसलाई समाधान गरेर एकैचोटि निष्कर्षमा पुगिन्छ । राजपा र समाजवादीले एउटा सरप्राइज दिन्छ । अहिले अनौपचारिकरूपमा गहन छलफल भइरहेको छ र एक्कासी हामीले एकताको घोषणा गर्छौं । एकताको सन्दर्भमा मिडियामा आएको कुराभन्दा पनि बढी गम्भीररूपमा हामीबीच अनौपचारिक छलफल भइरहेको छ । नयाँ शक्तिसँग पनि पहिला एकताका लागि औपचारिक वार्ताहरू हुँदा टुंगोमा पुगेन तर अनौपचारिक वार्ताबाट सबै कुरा मिलिसकेपछि हामीले एकताको मिति घोषणा गर्‍यौं । त्यस्तै नै राजपासँग पनि सबै कुरा मिलिसकेपछि सरप्राइज तरिकाले एकताको मिति घोषणा हुन्छ ।

दुवै पार्टीको अस्तित्व समाप्त गरेर एउटा नयाँ पार्टी निर्माण हुँदा नेताहरूको व्यवस्थापनमा विभिन्न कठिनाई र चुनौतीहरू आउँछन् । तलदेखि माथिल्लो तहसम्म नेता कार्यकर्तालाई व्यवस्थापनको खाका तयार गर्नुपर्छ । यसमा ठूलै चुनौती देखिन्छ । माओवादी र एमालेको एकता त भयो तर, अहिलेसम्म समायोजन टुंगो लागेको छैन । त्यो समस्या हाम्रो एकतामा नआओस्, त्यसका लागि पहिलेदेखि नै हामी तयारीमा लागेका छौं । नेतृत्व व्यवस्थापन समस्या होइन, यसलाई समाधान कसरी गर्ने भन्ने विषयमा छलफल भइरहेको छ । दुईटा पार्टी एकीकरण गर्दा कसलाई कहाँ राख्ने चुनौती हुनु स्वाभाविक हो । त्यसका लागि पहिले नै गृहकार्य गरेर औपचारिकरूपमा घोषणा हुन्छ ।

एकीकरण पछि सबैको अस्तित्व कसरी स्वीकार गर्ने, सबैलाई सम्मान कसरी दिने र जनतामा सकारात्मक सन्देश कसरी दिनेमा नै घनिभूत छलफल भइरहेको छ । दुवै पार्टीबीच स्वार्थरहित एकता हुन्छ । त्यसैले आठ जना अध्यक्ष किन राख्ने ? एउटालाई मात्र अध्यक्ष किन नमान्ने भन्ने कुरा पनि छलफल भइरहेको छ । देशलाई निकास दिनका लागि यो एउटा वैकल्पिक शक्ति निर्माण गर्नुछ भने व्यक्ति स्वार्थभन्दा माथि उठ्नुपर्छ ।

लोकसेवा आयोगको असमावेशी विज्ञापनको विरूद्धमा हामीले संसदमा पटक-पटक आवाज उठाएकै हौं । संसदमा आवाज उठाउँदा देश मात्र होइन, संसारले नै हेर्छ । लोकसेवा आयोगले संविधानविपरीत विज्ञापन निकालेको छ । यसमा लोकसेवा आयोगका अध्यक्ष मात्र दोषी छैन, यसमा सामान्य प्रशासनमन्त्री लालबाबु पण्डित पनि दोषी हुन् । डुप्लिकेट मधेशी लालबाबु पण्डितका कारणले गर्दा सम्पूर्ण मधेशी, उत्पीडित समुदायको हत्या भइरहेको छ । यसको मुख्य जड लालबाबु पण्डित नै हुन् । यो विज्ञापनले मधेशी मात्र होइन, पहाड र हिमालका उत्पीडित समुदायको पनि हत्या गरेको छ । यो विज्ञापन रोक्नैपर्छ, रोकिएन भने अब आन्दोलनको विकल्प छैन ।

पार्टीले मलाई ६ महिनाका लागि निलम्बन गरेको छ । पार्टीको निर्णयलाई मैले सम्मान गरेको छु । पार्टीलाई लागेको होला कि प्रदीप यादवले केही गल्ती गरेको छ । तर, मलाई विश्वास छ कि पार्टीले ६ महिनासम्म मलाई निलम्बन गर्दैन । पार्टीले चाँडै निलम्बन फुकुवा गर्छ । किनभने पार्टीपंक्तिलाई राम्ररी थाहा छ कि पार्टीमा मेरो योगदान कति छ । किनकि पार्टीमा निरन्तर खट्ने निःस्वार्थ सिपाही हुँ म । जुन बेला पार्टी संकटमा थियो, त्यो बेलादेखि पार्टी निर्माणमा मैले एक-एक इँट जोडेको हुँ ।

म फ्रि तिब्बतको कार्यक्रममा जानाजान सहभागिता भएको थिइन । मेरो एउटा कुनै मित्रले निमन्त्रण गर्नुभएको थियो तर, मलाई कार्यक्रमको विषयवस्तुबारे मलाई थाहा थिएन । म झुक्किएर त्यो कार्यक्रममा गएँ । तर, जब मलाई त्यसको विषयवस्तु थाहा भयो र म त्यो कार्यक्रमबाट फर्किहालें । म त्यस कार्यक्रममा कुनै अभिव्यक्ति पनि दिएको छैन, हस्ताक्षर पनि गरेको छैन । जब मलाई लाग्यो कि यो कार्यक्रममा उपस्थिति हुनु पार्टी र देशको हित गर्दैन अनि म तुरून्त निस्के । त्यसमा कुनै समर्थन नै थिएन । यसबारे पार्टीले पनि बुझिसकेको छ कि यसमा मेरो दोष छैन ।

(यादव, समाजवादी पार्टीका प्रतिनिधिसभा सदस्य हुन् ।)



धुम्रपान र मध्यपान आजै देखि त्यागौं र निरोगी रहौं ।

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर महा न.पा. ५२२२३६

### अस्पताल

कोशी अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आाखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि. ०२१-५३६९४१, ५२२८७७ एम्बुलेन्स ९८०२७५३७१७, ९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.का. ४३५००१
जिल्ला प्रहरी कार्यालय ५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर ५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली ८०१००/८०१३०
इ.प्र.का. उर्लाबारी ५४०००२
सिमा प्रहरी चौकी ४३५८४०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



हार्दिक मंगलमय
शुभकामना
२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
डिभिजन कार
परिवार विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
ी विकास कार्य
प्रदेश नं. १ मोरंग

हार्दिक मंगलमय
शुभकामना
२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
र प्रसाद सिंह (अ
मधेशी नागरिक स

हार्दिक मंगलमय
शुभकामना
२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
कुमार यादव (अ
समाजवादी पार्टी मोरंग

हार्दिक मंगलमय
शुभकामना
२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
तथा सिचाई विकास
नं. १ विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
निल साह (अध्य
सेवा समिति विराट

हार्दिक मंगलमय
शुभकामना
२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
काश महतो (अ
या संस्कृति प्रतिष्ठान

हार्दिक मंगलमय
शुभकामना
२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
बहादु लिम्बु (सभ
नेपाली कांग्रेस मोरंग

# मगही भाषा

## मगही भाषा के गीत

४०

कोठरिया जे लिपली ओसरवा से अउरो देहरिया से,
ललना, तइयो न चुनरिया मइल भेल, एक रे होरिलवा बिनु ।
कअंगना भी लिपली, दुहरिया जे लिपली हे,
ललना पूरल न मन केरा आस एक रे बलकवा बिनु ।
देखिया में सौ-सौ गो सारी अउरो में चोली बंद हे,
ललना तइयो न देहिया सोहावन लगे, एक रे होरिलवा बिनु ।
जइसे वन के कोइलिया, बने-बने कुँहकई हे,
तइसही जियरा मोरा कुँहकई एक रे बलकवा बिनु ।
जइसे बोरसी के अगिया गते-गते सुलगाई हे,
तइसही जीआ मोरा सुलगाई एक रे होरलिया बिनु ।

४१

एक धानी अंगवा के पातर पिया के सोहागिन हे,
ललना , दोसरे दुहारी लागल ठाढ काहे भौजो आँसू ढारे हे ।
बउवा तोरो भइया देलन बनवास से एक रे पुतर बिनु हे,
भौजो, मनाबहुँ सुरुज भगवान, पुतर एक पायब हे ।
ललना पूजि जइहें मन केरा आस भइया गलबात करे हे,
नेहाई धोआई खड भेलन, सुरुज गोड लागले हे ।
ललना, मांगले पुतर, भगवान से अँचरा पसारी लेल हे,
आधी राती गेल पहर राती होरिया जनम लेल हे,
ललना बजे लागल आनंद बधावा भावन उठे सोहर हे ।

४२

रोपलूँ में लेमुआ अनार तो अउरो अमरुदवा रोपलूँ हे ।
ललना से हो फूलवरिया लगई अन्हार एक तो बलमुआ बिनु हे ।
ससुरा में एक हई देवरवा तो एक भैसुरवा हई हे ।
ललना से हो ससुरा लगऽ हई भेआवन एक तो बलमुआ बिनु हे ।
नइहरा में तीन गोऽभइया, तीन-चार भतिजवा हई हे ।
ललना से हो नइहर लगऽ हई भेआवन एक तो मइया बिनु हे ।
पेन्हलूँ में बाजू-बाँक-बिजइठिया तो मांग के टीकवा हेन्हलूँ हे ।
ललना से हो मंगिया लगऽ हे भेअवन एक तो सेनुरवा बिनु हे ।

भरत प्रसाद महतो

हार्दिक मंगलमय
शुभकामना
२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
जिेश श्रेष्ठ (अध्यक्ष
जहदा गाउंपालिका वडा नं.२ परिवार

# नगरवासीमा अनुरोध

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खाने कुराहरू नखाऔं ।
- उपभोक्ता हीत संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र बिक्री वितरणमा समेत निरूत्साहित गरौं ।
- अखाद्य रंग प्रयोग गरेका खाद्य पदार्थहरूको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्र गरौ, घरपालुवा चौपायाहरू छाडा नछाडौं ।
- सडक तथा पेटिकिनारामा आवागमनमा अवरोध हुने गरी निर्माण सामाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीकरूपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सवारी साधनहरू तोकिएको स्थानमा मात्र पार्किङ गरौ ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरूद्ध आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं ।
- सार्वजनिक स्थलमा जताततै फोहरमैला नफालौं ।
- आफ्नो घर वरपर बिरूवा रोपौं, हरित गाउं नगरीको रूपमा विकास गरौ
- उपभोक्ता आचारसंहिताको पालना गरौं ।

**सुनवर्सी नगर पालिकाका कार्यालय मोरंग**

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



हार्दिक मंगलमय

# शुभकामना

**२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना** *व्यक्त गर्दछौं ।*

| | |
|---|---|
| भीम पराजुली (मेयर)<br>विराटनगर महानगर पालिका | इन्दिरा कार्की (उप-मेयर)<br>विराटनगर महानगर पालिका |

| | | |
|---|---|---|
| उद्धव अर्याल (अध्यक्ष)<br>विराटनगर महानगर पालिका वडा नं. १ | कुमार पोखरेल (अध्यक्ष)<br>विराटनगर महानगर पालिका वडा नं. २ | विनोद कुमार बस्नेत (अध्यक्ष)<br>विराटनगर महानगर पालिका वडा नं. ३ |
| देवेन्द्र राज पोखरेल (अध्यक्ष)<br>विराटनगर महानगर पालिका वडा नं. ४ | मिन कुमार आर्चाय (अध्यक्ष)<br>विराटनगर महानगर पालिका वडा नं. ५ | विजय कामत (अध्यक्ष)<br>विराटनगर महानगर पालिका वडा नं. ६ |
| मधु बाबु तिवारी (अध्यक्ष)<br>विराटनगर महानगर पालिका वडा नं. ७ | निश्चल अर्याल (अध्यक्ष)<br>विराटनगर महानगर पालिका वडा नं. ८ | विश्वनाथ प्र. भगत (अध्यक्ष)<br>विराटनगर महानगर पालिका वडा नं. ९ |
| माधव राज बाग्ले (अध्यक्ष)<br>विराटनगर महानगर पालिका वडा नं. १० | तिर्थेन्द्र न्योपाने (अध्यक्ष)<br>विराटनगर महानगर पालिका वडा नं. ११ | हिरालाल कामत (अध्यक्ष)<br>विराटनगर महानगर पालिका वडा नं. १२ |
| भरीलाल महतो (अध्यक्ष)<br>विराटनगर महानगर पालिका वडा नं. १३ | बलदेव यादव (अध्यक्ष)<br>विराटनगर महानगर पालिका वडा नं. १४ | असलम आलम (अध्यक्ष)<br>विराटनगर महानगर पालिका वडा नं. १५ |
| मनोज सुब्बा लिम्बु (अध्यक्ष)<br>विराटनगर महानगर पालिका वडा नं. १६ | समिर कमर मियां (अध्यक्ष)<br>विराटनगर महानगर पालिका वडा नं. १७ | संजय कुमार साह (अध्यक्ष)<br>विराटनगर महानगर पालिका वडा नं. १८ |
| बद्री ना. सरदार (अध्यक्ष)<br>विराटनगर महानगर पालिका वडा नं. १९ | | |

## ४ विराटनगर महानगर पालिका परिवार

हार्दिक मंगलमय

## शुभकामना

२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

राजकुमार गोल्छा
उद्योगी/व्यवसायी

हार्दिक मंगलमय

## शुभकामना

२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

राजु गोयल
यल हार्डवेयर परिव

२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**क्राईम अपरेशन साप्ताहिक परिवार**

# एक लाख धनराशीको पुरस्कारवाट तीन प्रहरी जवान सम्मानित

बिराटनगर । एक लाख धनराशीको छैटौ "साधनादेवी प्रहरी पराक्रम पुरस्कार" वाट तीन जना प्रहरी जवान संयूक्त रुपमा पुरस्कृत भएका छन् ।

प्रदेश भरिबाट उत्कृष्ट कार्य गर्ने जिल्ला प्रहरी कार्यालय भोजपुरमा कार्यरत प्रहरी जवान खेमनाथ भट्टराई, सुरेन्द्र माझी र जिल्ला प्रहरी कार्यालय ईलाममा कार्यरत मुकुन्द माझीलाई ६४ औ प्रहरी दिवसका अवसरमा प्रदेश प्रहरी कार्यालयल बिराटनगरले सो पुरस्कार प्रदान गरेको छ ।

प्रहरी जवान भट्टराई र माझिले अपराध कार्यमा संलग्न व्यक्तिहरुलाई पहिचान गरी पक्राउ गर्न महत्वपुर्ण भुमिका निर्वाह गर्नुका साथै ध्वंसात्मक एवं अवाञ्छित गतिविधीमा संलग्न व्यक्तिहरुलाई अत्यन्त बहादुरी र पराक्रमका साथ कानूनी दायरामा ल्याउन बिषेश भुमिका निर्वाह गरेकोले र जवान मुकुन्द माझीले कर्तव्यनिष्ठ तवरले कर्तव्यपथमा तल्लीन रही बाढी पहिरो जस्ता विपदको अवस्थामा अत्यन्त बहादुरीका साथ आफ्नो जिउ ज्यानको पर्वाह नगरी उद्धार कार्यमा निर्वाह गरेको भुमिकाले प्रहरीको छवि उच्च बनाउनुको साथै सर्वसाधारणमा नेपाल प्रहरी प्रति विश्वास अभिवृद्धि गर्ने तर्फ प्रसंशनिय कार्य गरेकोले तीनै जनालाई सम्मान गरेको हो ।

वर्षभरिमा उत्कृष्ठ ठहरिएका प्रहरी कर्मचारीहरु मध्येबाट साहसिक एवं चुनौतीपूर्ण कार्य गर्ने प्रहरी कर्मचारीलाई प्रत्येक वर्ष प्रहरी दिवशको अवसरमा पुरस्कारका संस्थापक प्रतिनिधीद्वारा नगद पुरस्कार प्रदान गर्ने गरी भएको सम्झौता अनुरुप ३ प्रहरी जवनालाई साधनादेवी प्रहरी पराक्रम पुरस्कार कोषका संस्थापक प्रा.डा. बिक्रम प्रसाद श्रेष्ठ र प्रहरी नायव महानिरीक्षक ठाकुर प्रसाद ज्ञवालीले सायुक्त रुपमा १ लाखको चेक तथा प्रशंसा(पत्र समेत प्रदान गर्नु भएको थियो ।

पुरस्कार हस्तान्तरण गर्नु हुदै प्रहरी नायब महा निरिक्षक ज्ञवालीले प्रहरी जवान तथा अधिकृतहरुको मनोबल उच्च राख्न यस साधना देबी पराक्रम पुरस्कारले महत्वपूर्ण भुमिका निर्बाह गर्ने बताउदै आफ्नो स्वर्गिय माता साधना देबी श्रेष्ठको नाममा बार्षिक रुपमा यसरी प्रदान गर्ने यो पुरस्कारका कोषका संस्थापक प्राध्यापक डा. बिक्रम प्रसाद श्रेष्ठलाई हार्दिक धन्यबाद दिनु भएको थियो ।

पुरस्कृत हुने प्रहरी जवानहरुले आफूबाट सम्पादित कार्यहरुको मुल्यांकन गर्दै उत्कृष्ट प्रहरीको रुपमा आफुलाई छनौट गरिएबाट संगठनले आफूलाई ठुलो सम्मान गरेको र यसले अझ बढी जिम्मेवार भएर आफ्नो दायित्व निर्वाह गर्न प्रेरणा मिलेको बताएका छन । स्वर्गिय माताको सम्झनामा प्रहरीको मनोबल बढाउने उदेश्यले यसरी पुरस्कृत गर्न पाएकोमा कोषका संस्थापक डा.बिक्रम श्रेष्ठले आफु लगायत आफ्नो परिवार खुसी भएको बताउनु भएको छ । साथै प्रहरी दिवशको अवसरमा साधनादेवी प्रहरी पराक्रम पुरस्कारका सास्थापक प्रा.डा. विक्रम प्रसाद श्रेष्ठलाई प्रमुख अतिथी माननीय मुख्य मन्त्री शेरधन राईले दोसल्ला ओढाई सम्मान गर्नुभएको थियो ।

## सूचना सूचना सूचना

नेपालको संविधानले नागरिकलाई अधिकारको व्यवस्था गर्नुका साथै कर्तव्यको पनि व्यवस्था गरेको छ । यसर्थ प्रत्येक नागरिकले आफ्नो सार्वजनिक सरोकारको विषयमा सूचना माग गरी सजग नागरिकको पहिचान बनाउनु प्रत्येक नेपाली नागरिकको कर्तव्य हो ।

नेपाल सरकार
सूचना तथा सञ्चार प्रविधी मन्त्रालय
सूचना वितथा प्रसारण विभाग

## कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हच्वामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

**आन्तरिक राजश्व कार्यालय विराटनगर**

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



हार्दिक मंगलमय
शुभकामना
२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
केश पोखरेल (अ
नेकपा मोरंग

हार्दिक मंगलमय
शुभकामना
२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
ा यादव (प्रदेश
प्रदेश नं. १

# स्वास्थ्य

## भुलकर भी ना खाएं ये ५ चिजें

१. खट्टे फल विटामिन सी का अच्छा स्रोत होते हैं. इनमें संतरा, मौसंबी, नींबू, कीवी जैसे फल शामिल हैं. हो सकता है कि आपको यह फल बहुत पसंद हों और हों भी क्यों न इनमे सेहत का खजाना जो है, लेकिन क्या आप जानते हैं कि खाली पेट इन्हें लेने से यह आपको फायदे की जगह नुकसान पहुंचा सकते हैं. असल में खट्टे फल यानी साइट्रस फ्रूट्स ऐसिडिक होते हैं. इन्हें खाली पेट लेने से हार्टबर्न और गैस्ट्रिक समस्याएं हो सकती हैं ।

२. खाली पेट क्यों नहीं खाना चाहिए टमाटर

अगर टमाटर का नाम सुनते ही आपके मुंह में भी पानी आ जाता है, तो यकीनन आप सेहत और स्वाद से भरपूर आहार को पसंद करते हैं. टमाटर आपकी पूरी सेहत के लिए अच्छे होते हैं. टमाटर में विटामिन और एंटीअ'ाक्सिडेंट भरपूर मात्रा में होते हैं. लेकिन क्या आप जानते हैं कि टमाटर को खाली पेट खाना आपको फायदे के साथ ही नुकसान भी पहुंचा सकता है. असल में टमाटर के एसिडिक नेचर की वजह से यह खाली पेट खाने पर आपके पेट को नुकसान पहुंचा सकता है. खाली पेट टमाटर खाने से पेट में दर्द या अल्सर जैसी समस्याएं हो सकती हैं ।

३. खाली पेट क्यों नहीं लेने चाहिए कार्बोनेटेड ड्रिंक्स

भले ही आपको कार्बोनेटेड ड्रिंक्स पसंद हों, लेकिन यह आपकी सेहत के लिए अच्छी नहीं. फिर भी अगर आप इन्हें लेते हैं, तो इस बात का ध्यान रखें कि कभी भी खाली पेट इनका सेवन न करें ।

४. खाली पेट क्यों नहीं खाना चाहिए सलाद र

कहते हैं कि सलाद सेहत से भरपूर आहार है. यह आपके पाचन में मदद करता है और वजन कम करने में भी खूब मददगार होता है. सलाद फाइबर (ाष्दभच) से भरपूर होता है, जोकि सेहत के लिए अच्छा माना जाता है. लेकिन क्या आप जानते हैं कि खाली पेट सलाद खाने से आपको फायदे की जगह नुकसान भी हो सकता है. खाली पेट सलाद लेने से पेट में गैस, हार्टबर्न जैसी समस्याएं हो सकती हैं ।

५. खाली पेट क्यों नहीं खाना चाहिए केला

केले में बहुत से पोषक तत्व होते हैं. यह एक अच्छा आहार है. केला मैग्नीशियम और पोटैशियम से भरपूर होता है. लेकिन इसे खाली पेट खाने से बचना चाहिए. असल में केले में मौजूद ये पोष्टिक तत्व पेट में बेचैनी, उल्टी जैसी परेशानी पैदा कर सकते हैं.

हार्दिक मंगलमय
शुभकामना
२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
कार्की (प्रदेश
प्रदेश नं. १

हार्दिक मंगलमय
शुभकामना
२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
िव कुमार मण्ड
सांसद मोरंग क्षेत्र

हार्दिक मंगलमय
शुभकामना
२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
**अमनलाल मोदी**
संघिय सांसद मोरंग क्षेत्र नं. ४

हार्दिक मंगलमय
शुभकामना
२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
गजेन्द्र थापा (अध्यक्ष
बचत तथा ऋण र
संस्था लि. परिवार

हार्दिक मंगलमय
शुभकामना
२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
महालक्ष्मी ज्वेलर्स
परिवार विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
कान्तिपुर कलेज
परिवार विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
योति अस्पताल
परिवार विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
शेव सुन्दर ज्वेलर
परिवार रामजानकी पथ विराटनगर